स्व: जीवन थीङ

# 1) बिम्ब-प्रतिबिम्ब : एउटा कलिलो बिहानमा

सधैंजस्तो आज पनि बिहान झर्छ—एउटा कलिलो बिहान सर्वाङ्ग चुमेर रातले जूठो परेको बिहान धेरै पवित्र भएर कञ्चनजङ्घामाथि झर्छ।

एउटा एउटा परिकल्पना आँखा-आँखाभरि उम्रिएको छ। युग-युगान्तरदेखि हेरिरहेका पाहाड़हरूमा फेरि एउटा बिहान उदाइरहेछ, उदाइरहेछ। नामनाम डाँड़ाको हरियो थुम्कोमा चढ़ेर म हेरिरहेछु, देवरालीको पवित्र पाखो र छोर्तेनको गगनचुम्बी गजुर, जहाँ सधैं मैले मेरो सम्पूर्णता समेटेर राखेंजस्तो लाग्छ, मानो हरियो धुप्पी र पहेंला, पहेंला, लछेप्रै-लछेप्रै सुनाखरीका फूलमा मैले आफ्नापनहरू चुमेर राखेको छु, सम्हालेर राखेको छु। बिहान सधैं, नभए साँझमा, म यहाँ आउने गर्छु र नियाल्छु मेरो छातीजस्तो यस पाखालाई अनि सुन्ने गर्छु बतासले मेरा कानभरि साउती गरेका हिमाली कुराहरू। कति बुझ्छु कति बुझ्दिनँ।

"कहाँ, हाम्रो पालामा त आजको लाल बजारमा दिउँसै स्याल रुन्थ्यो—" पुर्खाका आवाजहरू। हो, हामीले धेरै गरिसक्यौं धेरै बनाइ-सक्यौं, आफैंलाई हराएर अरूलाई धेरै बनाइसक्यौं।

अब मलाई हतार लागेको जस्तो हुन्छ किनभने मैले चाँडो चाँड़ो यो समस्त पाखालाई छातीको क्यानभासमा उतारिसक्नुपर्छ, नत्र राङ्का, रुम्तेत, भुसुक र लुइङका पहेंले धान फल्ने पाखा मैले हराइसक्ने छु। शायद म अन्धो हुनेछु र शून्यताभरि खोक्रो हुनेछु। म कालो बादल हुनेछु, अमावश्याको रात र श्रावणको झरी हुनेछु। मेरो एउटा बिहान-भरि म निकै व्यथित भएँछु!

"तिमी व्यथित भयौ ?" म झण्डै तर्से, मैले टेकेको ढुङ्गालाई राम्ररी नियालें। कहीं पातभरि अल्झेका शीतहरू मेरा आँसु नहुन्, सुनाखरीका फक्रेका फूलका तरेलीमा छरिएका यी गीतहरू मेरा अन्तर्व्यथा नहुन् भनेर। तर म ठोकेर भन्नसक्छु, म रोएको छैनँ, म व्यथित भएको छैनँ ! यो सत्य हो, धुप्पीको रूख जस्तै, देवरालीका पाखा जस्तै, छोर्तेनको गजुर जस्तै, पुर्खाका आवाज जस्तै र यो गान्तोकभरिको बिहान जस्तै।

अब घाम क्षितिजमा उक्लिए, पाहाड़माथि मुस्काए। निकै तातो अनुभूतिले आङभरि सल्बलाएको थाहा पाएपछि मैले नजर उठाएर हेरें— बुद्ध पार्कभरि बुद्धै-बुद्ध। सम्यक दृष्टिहरू नियालिरहेछन्, एउटा हात घाइते छातीमा राखेर आफ्ना सारा पीड़ाहरू छोप्ने असफल प्रयास गर्दै अर्को हातले आशीष बाँड़िरहेको गान्तोकका पाखालाई र टाउकोमा घामको उज्यालो थामेर आँखाले छरेको त्यही घामको उष्णतालाई, उज्यालोपनलाई, रातोपनलाई र ओठभरि हाँसो दौड़ाएर बड्बडाइरहेको शान्ति र अमरत्वको संदेशलाई, अमृतवचनहरूलाई। म चुपचाप सुनिरहेछु ती कथाहरूलाई जो बुद्ध भएर मलाई यो चिसो बतासले सुनाइरहेछ, अर्जुनले गाण्डीव पाएको कथालाई, इन्द्रकीलमा फूलबारी भएको कथालाई। अनायासै तातोपनाले मलाई साथ नदिए जस्तो अनुभूतिले म काम्छु, मलाई कसैले ढाडमा थप्को हिर्काएर बोलाए जस्तो लाग्छ। हेर्छु, मेरो आङभरि कञ्चनजङ्घा मुस्काइरहेछ। म रोमाञ्चित भइदिन्छु। मलाई अचम्म लाग्छ, आज यो विधवा हिमालको मुस्कान, आजको यो परिवेशमा।

हुन त मैले यही हिमाललाई दार्जीलिङको माल रोडबाट पनि धेरैपल्ट हेरेको छु र म कसम खाएर भन्नसक्छु यही कञ्चनजङ्घाको कि त्यहाँबाट पर्यटकका आँखा लिएर कहिल्यै हेरिनँ, त्यहाँका आफन्ताहरूले पनि हिमाललाई पर्यटकका आँखाले हेरेका छैनन्। तर कुन्नि किन, त्यहाँबाट देखेको सम्झना मभित्र हरियै भए तापनि आजको मुस्कान र

यो हिमाल मलाई अचम्मको राम्रो लाग्छ। कञ्चनजङ्घाले मलाई मुस्काएर केही भन्न खोजे झैं लाग्छ, केही कुरा साउती गरेर बोल्न लागे झैं लाग्छ। तो मूल अभिव्यक्तिहरूमा म केही नबुझे जस्तो टोल्हाउँछु। त्यस समयसम्म हिमालको मुस्कान हराइसकेको हुन्छ, मानो उसले मलाई अबुझ सम्झेको छ, उसका व्यथाहरू नबुझ्ने मौन नै सम्झेको छ ……!

तर मैले मेरा आँखाभरि हिमालको अद्वितीय मुस्कानलाई समेट्न सकेको छु। नसुताउ हिमाल! मैले समेटिराखेको छु तिम्रो 'फर्गेट मी नट' मुस्कान। किनभने अब मलाई थाहा हुनलागेको छ, मैले सम्झनामा राख्नुपर्नेछ तिमीलाई। आजभरिको यो लुङ्दरले आशीष छरेको पाखामा शायद भोलि तिमो अस्ताइसकेका हुनेछौ, क्षितिजबाट हराइसकेका हुने छौ। त्यस समय यही पाहाड़मा उभिएर हातमा डोऱ्याउँदै ल्याएका नाति-नातिनालाई पारी क्षितिजबाट देखाएर भन्नुपर्छ पुर्खाको आवाज भएर, "त्यहीं, त्यहीं क्षितिजमा हाम्रा पालामा कञ्चनजङ्घा नाच्ने गर्थ्यो, हाँस्ने गर्थ्यो।"

"सुँक्क सुँक्क"–कोही रोइरहेको आभास पाएर मैले एउटा बूटो समातेर तलतिर हेरें। एउटा बूढो धुप्पीको रूख मतिर हेरेर आँसु चुहाइरहेको थियो। निकै भावुक भएर उ भनिरहेथ्यो, "यो गान्तोक जत्तिकै मेरो उमेर। हामी दुवै एक दौंतरका हौं, दुवैलाई तिम्रा बाजेले उभ्याएका हुन्। तर अहिले यो गान्तोक प्रति दिन बढ्दै छ, प्रत्येक रात निर्वस्त्र हुँदैछ। अश्लील शैली भएर कोरिंदैछ, प्रत्येक बिल्डिङको पर्खाल जस्तै नाङ्गो हुँदैछ, उच्छृङ्खल वैंशालु भएर आफैंलाई ओपर्दैछ, यसरी झ्याङ्गिंदैछ, फैलिंदैछ। तर……म यहाँ बूढ़ो भएर ओइलिंदैछु, आकाश छुने मेरो निधार झुक्दै छ, म चाउरी पर्दैछु, म खोक्रिंदैछु तिम्रो भाग्य जस्तै……।"

मैले राम्ररी नियालेर हेरें, झुसिलकीराको एउटा लामो लाम सुनाखरीका फूल चुस्दै थिए, धुप्पीका हाँगाभरि।

अब निकै घाम लागिसकेको थियो। मेरा पाइला सुस्तरी पछि फर्कन थाले। आजको यो कलिलो बिहानभित्र म तरल भएँछु, बगेंछु, झ्याङ-झ्याङमा अल्झेंछु। एउटा अभिव्यक्ति भएछ यो बिहान, एउटा अमूर्त तस्वीर भएछ यो अभिव्यञ्जनाभरिको आकाश।

घर आइपुग्दा काँचा दाउरा नबलेर धूवाँसित लड्दैगरेकी आमा र फिक्का चियासित भेट हुन्छ। हेर छोरा, त्यो बारीको पुछारको धुप्पीको बूढो रूख ढाल्नु है यो आइतवार! म सक्दिनँ काँचा दाउरासित झगड़ा गर्न।"

घिच्रो तन्काएर तल हेरें, छिप्पिसकेको बिहानको घाममा पाखुरा फैलाएर धुप्पीको रूख माथि हेरिरहेको थियो सुस्तरी पाहाड़ जस्तै ठाड़ो भएर, मैले क्षितिजमा नियालें—कञ्चनजङ्घा भावविहीन मुहार लिएर मलाई हेरिरहेथ्यो। मैले बिस्तारै शिर निहुराएँ। आमाका आँखा कञ्चनजङ्घा भइसकेका थिए। आमाचाहिं धुप्पीको रूख अनि शायद म पालो पर्खंदै थिएँ, एउटा दिन भएर॥